प्रदेश सरकार

# पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# पर्यटन कार्यालय

## गण्डकी प्रदेश, पोखरा

## होमस्टेहरुमा पर्यटन पूर्वाधार विकास सम्वन्धी प्रस्ताव पेश गर्ने सूचना !!!

**प्रथम पटक प्रकाशित मिति : २०७८।०८।०२**

यस कार्यालयको चालू आ.व. 2078/79 को स्वीकृत वार्षिक कार्यक्रम "**होमस्टेहरुमा पर्यटन पूर्वाधार विकास**" अन्तर्गत गण्डकी प्रदेशका ११ वटा जिल्लामा विधिवत रुपमा दर्ता/नविकरण भई सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरु र गत आ.ब.मा अनुदान प्राप्त गरेको तर अधुरा तथा काम सम्पन्न हुन बाकी आयोजना रहेका कम्तीमा ५० सामुदायिक होमस्टेहरुलाई स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ बमोजिम होमस्टे पूर्वाधार विकास गर्न अनुदान प्रदान गरिने भएकोले इच्छुक सामुदायिक होमस्टेहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र मापदण्डको अनुसूची-३ को ढाँचामा प्रस्ताव भरी तपसिलमा उल्लेखित कागजातहरु सहित प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।प्रस्ताव यस कार्यालयमा वा सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयहरुमा पेश गर्न सकिने छ साथै ईमेल मार्फत पनि यस कार्यालयमा प्रस्ताव पेश गर्न सकिनेछ ।

संलग्न गर्नु पर्ने कागजातहरु

1. कम्तीमा १० वटा घरवासहरु जोडिएर बनेको सामुदायिक होमस्टे हुनुपर्ने र सबै सदस्यहरुको सर्वसम्मत निर्णयको प्रतिलिपी,
2. सामुदायिक होमस्टेको नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी
3. सामुदायिक होमस्टेको स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपी,
4. अधिकतम रकम रु १०,००,००० (कन्टेन्जेन्सी ४ प्रतिशत समेत) र सो रकमको १० प्रतिशत जनश्रमदान समेतले हुन आउने रकमबाट निर्माण गरिने होमस्टे पूर्वाधार आयोजनाको अधिकार प्राप्त निकायबाट स्वीकृत लागत अनुमान तथा ड्रइङ्ग डिजाइन,
5. होमस्टे रहेको स्थानीय तहको सिफारिस ।

थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ । प्रस्ताव पेश गर्ने अनुसूची फाराम यस कार्यालयको वेवसाइट tourismkaski.gandaki.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।कार्यालयको सम्पर्क नं. 061-520028, ईमेल: tourismofficepkr@gmail.com

कार्यालय प्रमुख